# झोलुङ्गे पुल रणनीति
# २०६२

**श्री ५ को सरकार**

**स्थानीय विकास मन्त्रालय**

श्रीमहल, पुल्चोक

ललितपुर ।

# विषय सूची


१. पृष्ठभूमि ....................................................................................................१

२. परिभाषा ....................................................................................................१

३. लक्ष ....................................................................................................२

४. उद्देश्य ....................................................................................................२

५. रणनीति ....................................................................................................२

६. कार्यनीति ....................................................................................................२

७. कार्य सिद्धान्त ....................................................................................................५

८. केन्द्रीय तथा स्थानीय निकायहरुको भूमिका ....................................................................................................५

*८.१. केन्द्रीय निकायहरुको भूमिका ........................................................................ ५*

*८.१.१. राष्ट्रिय योजना आयोग ........................................................................५*

*८.१.२. अर्थ मन्त्रालय ........................................................................५*

*८.१.३. स्थानीय विकास मन्त्रालय ........................................................................५*

*८.१.४. स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग ........................................ ६*

*८.२. स्थानीय निकायहरुको भूमिका ........................................................................६*

*८.२.१. जिल्ला विकास समिति ........................................................................ ६*

*८.२.२. गाउँ विकास समिति/नगरपालिका ........................................................................ ७*

*तालिका १: जिम्मेवारी तालिका ........................................................................ ८*

९. कार्यान्वयन ....................................................................................................१०

१०. पुनरावलोकन ....................................................................................................१०


## अनुसूचीहरु :


क) प्राविधिक दिग्दर्शनहरुको सूची(**List of Technical Manuals and Hand Books**)…..११

ख) वार्षिक प्रतिवेदन ........................................................ १२

ग) गै.स.स.को छनौट प्रकृया ...............................................१८

# झोलुङ्गे पुल रणनीति, २०६२

## १. पृष्ठभूमि

नेपालमा झोलुङ्गे पुल निर्माणको परम्परा धेरै पुरानो रहेको छ । शताब्दियौं देखि समुदायहरु पैदल मार्गमा पर्ने घाट तथा जंघारहरुमा झोलुङ्गे पुलको निर्माण कार्यमा संलग्न रहदै आएका छन् । बीसौं शताब्दीको प्रारम्भतिर सरकारी तवरबाट मुख्य व्यापारिक मार्गका महत्वपूर्ण स्थानहरुमा झोलुङ्गे पुल निर्माण गर्ने क्रम शुरु भयो । व्यवस्थित तथा योजनाबद्ध ढंगले झोलुङ्गे पुल निर्माणको थालनी भने बि.सं. २०२१ देखि मात्र भयो । प्रारम्भमा मुख्य पैदल मार्ग तथा रणनीतिक महत्वका घाट तथा जंघारहरुमा मात्र पुल निर्माण गर्ने तर्फ ध्यान केन्द्रित रहयो । तर स्थानीय पैदल मार्गमा पनि झोलुङ्गे पुल निर्माणको माग अत्यधिक रहेको कारण ती मार्गमा झोलुङ्गे पुल निर्माण गर्ने बैकल्पिक प्रविधि एवं कार्यान्वयन पद्धतिको विकास भयो ।

बि.सं. २०६१ आषाढ सम्ममा नेपालमा तीन हजार भन्दा बढी झोलुङ्गे पुलहरुको निर्माण सम्पन्न भई सकेको छ । नदी र खोलाहरुको संख्या अत्यधिक भएकोले अझै पनि प्रसस्त झोलुङ्गे पुलहरुको निर्माण गर्नु पर्ने आवश्यकता देखिन्छ । आवधिक योजनाहरुमा झोलुङ्गे पुल निर्माण कार्यलाई प्राथमिकता दिईदै आएको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ मा स्थानीय निकायहरुलाई स्व-शासनको माध्यमबाट स्थानीय पूर्वाधारहरुको विकासका लागि योजना तर्जुमा, कार्यान्वयन, संचालन तथा मर्मत सम्भारको जिम्मेवारी हस्तान्तरण गर्ने प्रावधान रहेको छ । स्थानीय निकायहरुको अधिकार क्षेत्र, श्रोत एवं साधनको व्यवस्था र परिचालनमा हुने व्यापकताले यी निकायहरुको देश विकासमा महत्वपूर्ण योगदान हुने निश्चित छ । स्थानीय स्व-शासन प्रणाली अन्तर्गत स्थानीय निकायहरुलाई बढी क्रियाशील, जनमुखी र उत्तरदायी बनाउने उद्देश्य अनुरुप केन्द्रीय निकायहरुबाट संचालित कार्यक्रमहरुको अधिकार निक्षेपण गरी स्थानीय निकायहरुलाई पूर्वाधार विकास सम्बन्धी कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, संचालन तथा मर्मत सम्भारको जिम्मेवारी हस्तान्तरण गर्न स्थानीय पूर्वाधार विकास नीति, २०६१ कार्यान्वयन गरिएको छ ।

सरकारका केन्द्रीय निकायहरु, स्थानीय निकायहरु, दातृ संस्थाहरुका साथै अन्य संघ संस्थाहरु झोलुङ्गे पुल निर्माण कार्यमा सक्रिय रहेका छन् । झोलुङ्गे पुलसंग सम्बद्ध विभिन्न संस्थाहरुले अपनाउने प्रविधि, स्टेन्डर्ड, नर्म्स तथा स्पेसिफिकेशनमा एकरुपता ल्याउन तथा समान कार्यान्वयन प्रकृया अबलम्बन गराउन आवश्यक देखिएकोले यो झोलुङ्गे पुल रणनीति, २०६२ स्वीकृत गरी लागु गरिएको छ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस "झोलुङ्गे पुल रणनीति, २०६२" मा :

क) "झोलुङ्गे पुल" भन्नाले पैदल मार्गमा पर्ने नदी, खोला र खोल्सा तर्ने उद्देश्यले निर्माण गरिएको स्थायी भौतिक संरचनालाई जनाउँदछ । झोलुङ्गे पुल अन्तर्गत फलामे लठ्ठाले बनेका पुलहरुका साथै यस रणनीतिको प्रयोजनको लागि फलामे ट्रस पुलहरु समेत लाई "झोलुङ्गे पुल" भनि परिभाषित गरिएको छ ।

ख) "केन्द्रीय निकाय" भन्नाले सम्बन्धित मन्त्रालय तथा विभागहरु समेतलाई जनाउनेछ ।

ग) "स्थानीय निकाय" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गत गठीत गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई जनाउनेछ ।

घ) "नगरपालिका" भन्नाले महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाहरुलाई जनाउनेछ ।

ङ) "स्थानीय पैदल मार्ग" भन्नाले स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागद्वारा सम्बन्धित जिल्लाको नक्सामा स्थानीय पैदल मार्ग भनी तोकिएको मार्गलाई जनाउँदछ ।

च) "मुख्य पैदल मार्ग" भन्नाले स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागद्वारा सम्बन्धित जिल्लाको नक्सामा मुख्य पैदल मार्ग भनि तोकिएको मार्गलाई जनाउँदछ ।

छ) "सेवा प्रदायक" भन्नाले निजी क्षेत्रका परामर्शदाता, निर्माण व्यवसायी, फेब्रिकेटर तथा गैर सरकारी संस्थासमेतलाई जनाउँदछ ।

## ३. लक्ष्य

झोलुङ्गे पुलको निर्माण तथा संचालनबाट स्थानीय जनताको विशेष गरेर महिला, दलित, जनजाति, उत्पीडित एवं उपेक्षित वर्गका सामाजिक एवं आधारभूत सेवा, आर्थिक अवसर तथा श्रोतको पहुँचमा अभिवृद्धि भई गरिबी निवारणमा टेवा पु-याउने यस रणनीतिको लक्ष्य हुनेछ ।

## ४. उद्देश्य

स्थानीय जनताको सक्रियता एवं सहभागितामा झोलुङ्गे पुलको निर्माण तथा संचालनबाट स्थानीय जनतालाई भरपर्दो यातायातको सुविधा उपलब्ध गराई आवत जावत सहज बनाउने यस रणनीतिको उद्देश्य हुनेछ ।

## ५. रणनीति

५.१ स्थानीय जनतालाई पैदल मार्गमा आवत जावत गर्न पायक पर्ने सम्भाव्य स्थानमा झोलुङ्गे पुलको सुविधा उपलब्ध गराउने ।

५.२ झोलुङ्गे पुल कार्यक्रम स्थानीय निकायमा निक्षेपण गर्ने ।

५.३ उपयुक्त झोलुङ्गे पुल निर्माण प्रविधिको छनौट गरी प्रयोग गर्ने ।

५.४ झोलुङ्गे पुल निर्माण तथा मर्मत कार्यशैली निर्धारण गर्ने ।

५.५ संस्थागत क्षमता अभिवृद्धि गर्ने तथा झोलुङ्गे पुल प्रविधिको क्रमिक विकास गर्दै जाने ।

## ६. कार्यनीति

उपरोक्त रणनीति कार्यान्वयन गर्न देहायका कार्यनीति अबलम्बन गरिने छन् :

### ६.१ स्थानीय जनतालाई पैदल मार्गमा आवत जावत गर्न पायक पर्ने सम्भाव्य स्थानमा झोलुङ्गे पुलको सुविधा उपलब्ध गराउने :

६.१.१ स्थानीय जनतालाई पैदल मार्गमा नदी, खोला तथा खोल्सा तर्न पायक पर्ने ठाउँमा झोलुङ्गे पुलको सुविधा उपलब्ध गराईनेछ ।

६.१.२ स्थानीय जनतालाई नदी, खोला तथा खोल्सा तर्न एक घण्टा भन्दा बढीको फेरो लगाउन नपर्ने गरी झोलुङ्गे पुल निर्माण गरिनेछ ।

६.१.३ ६.१.२ अनुसारको लक्ष्य हासिल गर्नको लागि पैदल मार्गमा आवश्यक पर्ने थप झोलुङ्गे पुलहरुको राष्ट्रिय स्तरमा अध्ययन गरी सो को प्रतिवेदन यसै दशौं योजना भित्र तयार गरिनेछ ।

६.१.४ झोलुङ्गे पुलको योजना तर्जुमा, कार्यान्वयन, संचालन एवं मर्मत कार्य स्थानीय जनताको सहभागितामा गरिनेछ ।

### ६.२ झोलुङ्गे पुल कार्यक्रम स्थानीय निकायमा निक्षेपण गर्ने :

६.२.१ जिल्ला यातायात गुरु योजनामा झोलुङ्गे पुल समेत समावेश गरिनेछ ।

६.२.२ केन्द्रिय स्तरका निकायहरुले झोलुङ्गे पुल कार्यक्रम एवं स्रोत स्थानीय निकायमा निक्षेपन गर्नेछन ।

६.२.३ केन्द्रबाट उपलब्ध हुने अनुदान र आन्तरिक श्रोत समेतको आधारमा झोलुङ्गे पुल सम्बन्धी योजना तर्जुमा, निर्माण, संचालन, नियमित तथा बृहत मर्मत समेतको कार्यक्रम स्थानीय निकायहरुले तयार गरी कार्यान्वयन गर्नेछन् ।

६.२.४ जि.वि.स.हरुले झोलुङ्गे पुल मर्मतको लागि आ-आफ्नो क्षेत्रका गा.वि.स.हरुलाई रकम विनियोजन गर्नेछन् ।

६.२.५ झोलुङ्गे पुल आयोजनाहरुको पहिचान, छनौट तथा प्राथमिकीकरण स्थानीय स्वायत्त शासन ऐन र नियमावलीले निर्दिष्ट गरेको प्रकृया अनुरुप देहायका आधारमा स्थानीय निकायहरुले गर्नेछन् ।

६.२.५.१ झोलुङ्गे पुल आयोजना प्राथमिकीकरण गर्दा लाभान्वित जनसंख्या, महिला, दलित, जनजाति, उत्पीडित एवं उपेक्षित वर्गको संख्या तथा समयको बचत, खोलाको प्रकार र जोखिमको आधारमा अनुसूचि-क (५) मा उल्लेखित **सामाजिक संगठनात्मक सहयोग दिग्दर्शन *( Social Organizational Support Manual )*** अनुसार गरिनेछ ।

६.२.५.२ आयोजना प्राथिमिकीकरण गर्दा क्रमशः नियमित, वृहत मर्मत कार्य एवं क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

६.२.६ मुख्य पैदल मार्गमा पर्ने झोलुङ्गे पुलहरुको योजना तर्जुमा निर्माण, संचालन एवं मर्मत कार्य जि.वि.स.हरुले गर्नेछन् ।

६.२.७ स्थानीय पैदल मार्गमा पर्ने झोलुङ्गे पुलहरुको योजना तर्जुमा, निर्माण, संचालन एवं मर्मत कार्य गा.वि.स. ⁄ नगरपालिकाहरुले गर्नेछन् ।

६.२.८ आवश्यक प्राविधिक क्षमताको अभावमा गा.वि.स./नगरपालिकाहरुले झोलुङ्गे पुल निर्माण कार्यको अनुरोध जि.वि.स. मा पठाउन सक्नेछन् । त्यस्तो अवस्थामा जि.वि.स.हरुले स्थानीय पैदल मार्गमा झोलुङ्गे पुल निर्माण गराउन सक्नेछन् ।

६.२.९ स्थानीय पैदल मार्गका झोलुङ्गे पुलहरुको स्वामित्व गा.वि.स./नगरपालिकाहरुको हुनेछ ।

६.२.१० मुख्य पैदल मार्गका झोलुङ्गे पुलहरुको स्वामित्व जि.वि.स.हरुको हुनेछ ।

६.२.११ स्थानीय निकायहरुले झोलुङ्गे पुलहरुको नियमित मर्मत (Routine Maintenance)को लागि आवश्यक बजेट बिनियोजन गरी समुदायहरुलाई संलग्न गराउने छन् ।

६.२.१२ जि.वि.स.हरुले जिल्ला भित्रका सबै झोलुङ्गे पुलहरुको लगत राख्नेछन् र सो को एक प्रति स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागमा पठाउने छन् ।

## ६.३ उपयुक्त झोलुङ्गे पुल निर्माण प्रविधिको छनौट गरी प्रयोग गर्ने :

६.३.१ झोलुङ्गे पुलहरुको बर्गीकरण देहाय अनुसार गरिएकोछः

*क)* ***छोटो तरिको झोलुङ्गे पुल (Short Span Trail Bridge, SSTB):*** छोटो तरिको झोलुङ्गे पुल भन्नाले फलामे लठ्ठाको प्रयोग गरी बनाइने ३२ देखि १२० मिटर सम्म लम्बाईका झोलुङ्गे पुलहरुलाई जनाउँदछ ।

*ख)* ***लामो तरिको झोलुङ्गे पुल (Long Span Trail Bridge, LSTB):*** लामो तरिको झोलुङ्गे पुल भन्नाले फलामे लठ्ठाको प्रयोग गरी बनाइने १२० मिटर भन्दा लामो झोलुङ्गे पुलहरुलाई जनाउँदछ । साधारणतया सस्पेन्डेड लामो तरिको झोलुङ्गे पुलको लम्बाई ३५० मिटर तथा सस्पेन्सन लामो तरिको झोलुङ्गे पुलको लम्बाई २८० मिटर सम्म हुनेछ ।

*ग)* ***फलामे ट्रस पुल (Steel Truss Bridge, ST):*** फलामे ट्रस पुल भन्नाले फलामे ट्रसहरुको प्रयोग गरी निर्माण गरिने ३२ मिटर सम्म लम्बाईका पुलहरुलाई जनाउँदछ ।

६.३.२ छोटो तरिको झोलुङ्गे पुल निर्माण गर्दा अनुसूची-क (१) र (२) मा उल्लेखित **छोटो तरिको झोलुङ्गे पुल प्राविधिक हाते पुस्तिका *(Short Span Trail Bridge Standard,Technical Handbook for Suspended Type,Volume-I, II & III*** तथा ***Short Span Trail Bridge Standard, Technical Handbook for Suspension Type, Volume I, II & III )*** अनुसारको कार्यविधि अपनाउनु पर्नेछ ।

६.३.३ लामो तरिको झोलुङ्गे पुल निर्माण गर्दा अनुसूची-क (३) मा उल्लेखित **लामो तरिको झोलुङ्गे पुल दिग्दर्शन *(Long Span Trail Bridge Manual, Volume A: Design, Volume B: Survey, Volume C: Standard Drawings, Volume D: Construction)*** अनुसारको कार्यविधि अपनाउनु पर्नेछ ।

६.३.४ फलामे ट्रस पुल निर्माण गर्दा अनुसूची-क (४) मा उल्लेखित **फलामे ट्रस पुल दिग्दर्शन *(Steel Truss Bridge Manual)*** अनुसारको कार्यविधि अपनाउनु पर्नेछ ।

६.३.५ ६.३.१. ख) मा उल्लेखित लम्बाई भन्दा लामो झोलुङ्गे पुल बनाउनु पर्ने भएमा डिजाईन तथा लगत ईष्टिमेट तयार गरी सहमतिको लागि स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागमा पठाउनु पर्नेछ ।

६.३.६ झोलुङ्गे पुलको लागत ईष्टिमेट रु. अस्सी लाख भन्दा बढी भएमा अनुसूचि-क (६) को दिग्दर्शन***( Manual for Consulting Services )*** मा उल्लेख भए अनुसार **सामाजिक एवं आर्थिक सम्भाव्यता अध्ययन *(Socio-Economic Feasibility Study)*** गराई सम्भाव्य ठहर भएमा मात्र झोलुङ्गे पुल निर्माण गर्नु पर्नेछ ।

६.३.७ साधारणतया स्थानीय पैदल मार्गमा लामो तरिको झोलुङ्गे पुल निर्माण गरिने छैन । स्थानीय पैदल मार्गमा लामो तरिको झोलुङ्गे पुल निर्माण गर्नु पर्ने अवस्था आएमा अनुसचि-क (६) को दिग्दर्शन ***( Manual for Consulting Services )*** मा उल्लेख भए अनुसार सामाजिक तथा आर्थिक सम्भाव्यता अध्ययन ***(Socio-Economic Feasibility Study)*** गराउनु पर्नेछ । उक्त अध्ययन प्रतिवेदनले मनासिव ठहर गरेमा मात्र स्थानीय मार्गमा लामो तरिको झोलुङ्गे पुल निर्माण गर्न सकिनेछ ।

६.३.८ झोलुङ्गे पुलहरुको सर्भे गर्दा वातावरणीय पक्षलाई समेत ध्यान दिईनेछ ।

## ६.४ झोलुङ्गे पुल निर्माण तथा मर्मत कार्यशैली निर्धारण गर्ने :

६.४.१ छोटो तरिको झोलुङ्गे पुलहरु तथा फलामे ट्रस पुलहरुको निर्माण तथा मर्मत कार्य (नियमित तथा वृहत) सम्बन्धित स्थानीय निकायहरुले उपभोक्ता समिति मार्फत गराउन सक्नेछन् ।

६.४.२ स्थानीय निकायहरुले लामो झोलुङ्गे पुलहरुको निर्माण तथा वृहत मर्मत कार्य ठेक्का पट्टाबाट गराउने छन् ।

६.४.३ लामो तरिको झोलुङ्गे पुल निर्माण तथा वृहत मर्मत कार्य उपभोक्ताहरुको प्रतिनिधित्व समेत रहेको सहयोग समितिको समन्वयमा गरिनेछ । सहयोग समितिको गठन सम्बन्धित स्थानीय निकायहरुले गर्नेछन् ।

६.४.४ छोटो तरिको झोलुङ्गे पुल तथा फलामे ट्रस पुलको निर्माण तथा मर्मतका प्रकृयाहरु अनुसूचि-क (५) मा उल्लेखित दिग्दर्शन ***( Social Organizational Support Manual )*** मा उल्लेख भए अनुसार हुनेछन् ।

६.४.५ झोलुङ्गे पुल निर्माण तथा मर्मतको लागि वातावरण मैत्री, श्रममूलक प्रविधि तथा सहभागितामूलक कार्यशैली अपनाइनेछ ।

६.४.६ झोलुङ्गे पुल निर्माण तथा वृहत मर्मत कार्यमा प्राविधिक एवं सामाजिक परिचालनको लागि गैर सरकारी संस्था तथा निजी क्षेत्रलाई सहभागि गराउन सकिनेछ ।

६.४.७ झोलुङ्गे पुलको नियमित, बृहत तथा आकस्मिक मर्मतको जिम्मेवारी झोलुङ्गे पुलको स्वामित्व भएको निकायको हुनेछ ।

६.४.८ छोटो तरिको झोलुङ्गे पुल तथा फलामे ट्रस पुलको निर्माण/बृहत मर्मतको लागि प्राविधिक सेवा (सर्भे, डिजाइन, लगत अनुमान एवं सुपरिवेक्षण) गैर सरकारी संस्थाले प्रदान गरेमा सेवा शुल्क वापत अनुमानित निर्माण/बृहत मर्मत खर्चको ३ प्रतिशत सम्म हुनेछ ।

६.४.९ छोटो तरिको झोलुङ्गे पुल तथा फलामे ट्रस पुलको निर्माण/बृहत मर्मतको लागि सामाजिक परिचालन एवं संगठनात्मक सहयोग सम्बन्धी सेवा गैर सरकारी संस्थाले प्रदान गरेमा सेवा शुल्क वापत अनुमानित निर्माण/बृहत मर्मत खर्चको ३ प्रतिशत सम्म हुनेछ ।

६.४.१० लामो तरिको झोलुङ्गे पुलको सर्भे, डिजाइन एवं लागत अनुमान कार्य प्राविधिक परामर्शदाता (Technical Consultant) मार्फत गराउन सकिनेछ र सो कार्यको सेवा शुल्क स्वीकृत नर्म्स अनुसार हुनेछ ।

६.४.११ लामो तरिको झोलुङ्गे पुलको निर्माण सुपरिवेक्षण प्राविधिक परामर्शदाता बाट गराउन सकिनेछ तथा सो कार्यको सेवा शुल्क स्वीकृत नर्म्स अनुसार हुनेछ ।

६.४.१२ प्राविधिक परामर्शदाताको छनौट अनुसूची-क (६) मा उल्लेखित दिग्दर्शन ***( Manual for Consulting Services )*** मा उल्लेख भए अनुसार गर्नु पर्नेछ ।

६.४.१३ लामो तरिको झोलुङ्गे पुलको निर्माण तथा वृहत मर्मत कार्य ठेक्का पट्टा **"निर्माण टर्न-की" (Construction Turn-key)** प्रणाली अनुसार गरिनेछ तथा सोको लागि अनुसूचि-क (७) मा उल्लेखित दिग्दर्शन ***( Manual for Contractors )*** को पालना गर्नु पर्नेछ ।

६.४.१४ झोलुङ्गे पुलहरुको निर्माण/बृहत मर्मत कार्यको गुणस्तर सुनिश्चित गर्न अनुसूची-क (८) मा उल्लेखित दिग्दर्शन ***( Quality Control Manual )*** को पालना गर्नु पर्नेछ ।

६.४.१५ केन्द्रिय तथा स्थानीय निकायहरु बाहेक अन्य संस्थाले झोलुङ्गे पुल निर्माण गर्न अगाडि सम्बन्धित जि.वि.स.हरुको स्वीकृति लिनु पर्नेछ र आयोजना सम्बन्धी सम्पूर्ण कागजात/अभिलेखहरुको एक प्रति जि.वि.स.लाई बुझाउनु पर्नेछ ।

६.४.१६ गैर सरकारी संस्थाको छनौट **अनुसूची-ग** मा उल्लेख भएको **गैर सरकारी संस्थाको छनौट प्रकृया एवं कार्य** अनुसार हुनेछ ।

६.४.१७ सम्बन्धित स्थानीय निकायहरुले झोलुङ्गे पुल सम्बन्धि सबै खर्चहरुको अभिलेख राख्नेछन् तथा प्रचलित ऐन नियम अनुसार लेखा परीक्षण गराउने छन् ।

६.४.१८ झोलुङ्गे पुल निर्माण/बृहत मर्मत कार्य सम्पन्न भए पछि सोको प्राविधिक परीक्षण तेश्रो पक्ष **(Third Party Technical Audit)** बाट सम्बन्धित निकायहरुले गराउन सक्ने छन् ।

६.४.१९ झोलुङ्गे पुल निर्माण/बृहत मर्मत कार्य सम्पन्न भएपछि लागत अनुमान, यथार्थ खर्च, श्रोत, ज्यालाको दररेट तथा भुक्तानी विवरण, निर्माण सामाग्री खरिदको परिमाण एवं दररेट सम्बन्धी सम्पूर्ण जानकारी स्थानीय निकाय/उपभोक्ता समितिहरुले सर्व साधारणलाई उपलब्ध गराउने छन् ।

६.४.२० समुदाय मार्फत स्थानीय मार्गमा निर्माण गरिने छोटो तरिको झोलुङ्गे पुल तथा फलामे ट्रस पुलको लागि आवश्यक पर्ने जग्गाको व्यवस्था सम्बन्धित स्थानीय निकायको समन्वयमा समुदायहरुले नै गर्नेछन् तथा अन्य झोलुङ्गे पुलहरुको हकमा आवश्यक पर्ने जग्गा व्यवस्था सम्बन्धित जि.वि.स.हरुले गर्नेछन् ।

## ६.५ संस्थागत क्षमता अभिवृद्धि गर्ने तथा झोलुङ्गे पुल प्रविधिको क्रमिक विकास गर्दै जाने ।

६.५.१ केन्द्र तथा स्थानीय निकायका प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्न झोलुङ्गे पुल सम्बन्धी तालिम दिइने छ ।

६.५.२ निजी क्षेत्रका परामर्शदाता, निर्माण व्यवसायी, फेब्रिकेटर तथा गैर सरकारी संस्थाहरुलाई समेत झोलुङ्गे पुल तालिममा सहभागी हुने अवसर प्रदान गरिनेछ ।

६.५.३ झोलुङ्गे पुल सम्बन्धी तालिम अनुसूची-क (९) ***( A Training Course Manual on Trail Bridges for Practitioner Engineers ),*** (१०) ***( A Training Course Manual on Trail Bridges for Practitioner Overseers ),*** तथा (११) ***( A Training Course Manual on Trail Bridges for Practitioner Sub-Overseers ),*** मा उल्लेखित दिग्दर्शनहरुको आधारमा दिइनेछ ।

६.५.४ झोलुङ्गे पुल सम्बन्धी तालिम आवश्यकता अनुसार शिक्षण संस्थाहरु मार्फत पनि संचालन गराउन सकिनेछ ।

६.५.५ झोलुङ्गे पुल सम्बन्धी दक्ष जनशक्ति तयार गर्न झोलुङ्गे पुल विषयलाई शिक्षण संस्थाहरुको पाठ्यक्रममा समावेश गराइनेछ । शिक्षण संस्थाहरुले अनुसूचि-क (१२) ***( A Course Manual on Trail Bridges for Bachelor of Civil Engineering ),*** (१३) ***( A Course Manual on Trail Bridges for Diploma in Civil Engineering ),*** तथा (१४) ***( A Course Manual on Trail Bridges for Sub-Overseers ),*** मा उल्लेखित दिग्दर्शनको आधारमा पाठ्यक्रम तयार गरी संचालन गर्नेछन् ।

६.५.६ उपभोक्ता समितिले छनौट गरेको पुलकर्मीहरु **(Bridge Crafts Person)** लाई अनुसूची-क (१६) मा उल्लेखित दिग्दर्शन ***(Demostration Model Bridge Training Manual )*** को आधारमा पुल निर्माण सम्बन्धि तालिम दिइने छ ।

६.५.७ झोलुङ्गे पुलहरुको नियमित मर्मत कार्यमा संलग्न पुल पालकहरु **(Bridge Warden)** लाई अनुसूची-क (१५) मा उल्लेखित दिग्दर्शन ***(Routine Maintenance Manual )*** को आधारमा तालिम दिइने छ ।

६.५.८ स्थानीय निकायहरुले झोलुङ्गे पुल सम्बन्धी प्राविधिक कार्यको जिम्मेवारी सो सम्बन्धि तालिम प्राप्त कर्मचारीहरुलाई मात्र दिनेछन् ।

६.५.९ झोलुङ्गे पुल प्रविधिको क्रमिक विकास लाई निरन्तरता दिंदै जाने तथा विशेष गरेर ठुला नदीहरुमा बनाउंनु पर्ने बहु तरि **( Multi Span )** झोलुङ्गे पुलहरुको निर्माण प्रविधि लाई सरलीकरण गरी मितव्ययी **( Cost Effective)** बनाउंन अनुसन्धान गरिनेछ ।

# ७. कार्य सिद्धान्त

७.१ उपभोक्ता समितिमा महिलाको प्रतिनिधित्व घटीमा ३० प्रतिशत हुनेछ ।

७.२ उपभोक्ता समितिमा जनजाति, दलित, उपेक्षित एवं उत्पिडित समुदायको प्रतिनिधित्व हुनु पर्नेछ ।

७.३ समान कामको लागि समान ज्यालाको सिद्धान्त अबलम्बन गरिनेछ ।

७.४ गरीब तथा पिछडिएका समुदायहरुलाई कार्यक्रमबाट लाभान्वित गराउने व्यवस्था गरिनेछ ।

७.५ झोलुङ्गे पुल सम्बन्धी सम्पूर्ण कार्यहरु पारदर्शि ढंगले गरिनेछन् ।

# ८. केन्द्रीय तथा स्थानीय निकायहरुको भूमिका

निकायगत जिम्मेवारी तालिका १. मा उल्लेख गरिएको छ ।

## ८.१ केन्द्रीय निकायहरुको भूमिका:

### ८.१.१ राष्ट्रिय योजना आयोग

क) आवधिक तथा वार्षिक योजना सम्बन्धमा निर्देशन दिने तथा एकरुपता कायम गर्ने गराउने ।

ख) कार्यक्रम अनुसारको बार्षिक बजेट व्यवस्था गर्ने ।

ग) अनुगमन तथा मूल्यांकन गर्ने ।

### ८.१.२ अर्थ मन्त्रालय

क) दातृ संस्थाहरु बीच एकरुपता एवं समन्वय कायम गरी बैदेशिक सहयोग परिचालन गराउने ।

ख) स्थानीय निकायहरुलाई झोलुङ्गे पुलको लागि विषयगत अनुदान उपलब्ध गराउने ।

### ८.१.३ स्थानीय विकास मन्त्रालय

क) झोलुङ्गे पुल रणनीति तयार गर्ने, पुनरावलोकन गर्ने एवं कार्यान्वयन गर्ने गराउने ।

ख) केन्द्रीयस्तरका अन्य निकायहरुसंग समन्वय गर्ने गराउने ।

ग) झोलुङ्गे पुल आयोजनाहरुको अनुगमन एवं मूल्यांकन गर्ने गराउने ।

घ) दातृ संस्थाहरु बीच समन्वय कायम गर्ने गराउने ।

ङ) स्थानीय निकायहरुलाई विषयगत अनुदान उपलब्ध गराउने ।

### ८.१.४ स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

क) झोलुङ्गे पुल रणनीति, निर्देशिका/मार्गदर्शन तयार गर्ने, पुनरावलोकन गर्ने एवं कार्यान्वयन गर्ने गराउने ।

ख) झोलुङ्गे पुल सम्बन्धी नर्म्स, स्टेन्डर्ड तथा स्पेसिफिकेशन तयार गर्ने, पुनरावलोकन गर्ने एवं कार्यान्वयन गराउने ।

ग) झोलुङ्गे पुल आयोजनाहरुको अनुगमन एवं मूल्यांकन गर्ने ।

घ) झोलुङ्गे पुल निर्माण एवं मर्मत कार्यहरुको गुणस्तर सुनिश्चित गराउने ।

ङ) झोलुङ्गे पुल सम्बन्धि अनुसन्धान एवं प्रविधि विकास गर्ने गराउने ।

च) झोलुङ्गे पुल सम्बन्धि फेब्रिकेशन तथा लठ्ठा निर्माण गर्न सक्षम फेब्रिकेटर तथा लठ्ठा निर्माताहरुको सम्बन्धमा आवश्यक सूचना संकलन गरी स्थानीय निकायहरुलाई जानकारी गराउने ।

छ) झोलुङ्गे पुल सम्बन्धि मुख्य सामाग्रीहरुको दररेट संकलन एवं प्रकाशित गर्ने ।

ज) स्थानीय निकायहरुको प्राविधिक एवं संगठनात्मक क्षमता अभिवृद्धि गर्न झोलुङ्गे पुल सम्बन्धि तालिम संचालन गर्ने गराउने ।

झ) झोलुङ्गे पुल सम्बन्धि तथ्यांक एवं विवरण संकलन गरी **नेपाल झोलुङ्गे पुल रेकर्ड (Nepal Trail Bridge Record)** अद्यावधिक गर्ने तथा सोको प्रकाशन गर्ने ।

ञ) दुई वा दुई भन्दा बढी जिल्लाहरु जोडिने झोलुङ्गे पुलको स्वामित्व सम्बन्धि निर्णय सम्बन्धित जिल्ला विकास समितिहरुले आपसी सहमतिबाट गर्न नसकेको अवस्थामा स्वामित्व सम्बन्धि निर्णय गर्ने । सामान्यतः जुन जिल्ला विकास समितिले निर्माणको पहल गरेको हुन्छ, झोलुङ्गे पुलको स्वामित्व सोही जिल्ला विकास समितिको हुनेछ ।

ट) विभिन्न झोलुङ्गे पुल कार्यक्रम संलग्न दातृसंस्थासँग कार्यक्रम संचालनमा समन्वय गर्ने ।

ठ) प्राविधिक मापदण्ड र झोलुङ्गे पुल संहिता ***(Trail Bridge Code)*** निर्धारण गरि कार्यान्वयन गर्ने गराउने ।

## ८.२ स्थानीय निकायहरुको भूमिकाः

### ८.२.१ जिल्ला विकास समिति/विषयगत प्राविधिक शाखा

क) विभागबाट तोकिएको निश्चित मापदण्ड र कार्यक्षेत्रभित्र रही मुख्य मार्ग (Main Trail) र स्थानीय पैदल (local trail) मार्गमा पर्ने झोलुङ्गे पुलहरुको डिजाइन, निर्माण, व्यवस्थापन र मर्मत संभार गर्ने गराउने ।

ख) झोलुङ्गे पुलका लागि केन्द्रबाट प्राप्त अनुदान गा.वि.स.हरुलाई विनियोजन गर्ने ।

ग) जिल्लास्तरमा झोलुङ्गे पुल कार्यक्रमको समन्वय गर्ने ।

घ) आयोजना प्राथिमिकीकरण गर्दा क्रमशः नियमित मर्मत, बृहत मर्मत एवं क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिने ।

ङ) झोलुङ्गे पुलको डिजाईन तथा लागत अनुमान तयार गरि स्वीकृत गर्ने गराउने ।

च) निर्माण सामाग्रीहरुको खरीद एवं आपूर्ति गर्ने गराउंने ।

छ) निर्माण सामाग्रीहरु उपभोक्ता समितिलाई उपलब्ध गराउने ।

ज) निर्माण सामाग्रीहरु खरीद एवं आपूर्तिमा समुदायलाई सहयोग पुऱ्याउने ।

झ) निर्माण सामाग्रीहरु खरीदका दररेटहरु स्था.पू.वि.तथा कृ.स.वि.लाई उपलब्ध गराउने ।

ञ) जनसहभागिता परिचालन गराउने ।

ट) गै.स.सं.तथा निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्ने ।

ठ) जिल्लास्तरमा **जिल्ला झोलुङ्गे पुल रेकर्ड (District Trail Bridge Record)** तयार तथा अद्यावधिक गर्ने तथा सोको जानकारी स्था.पू.वि. तथा कृ.स.वि.लाई उपलब्ध गराउने ।

ड) उपभोक्ता समितिलाई प्राविधिक एवं आर्थिक सहयोग उपलब्ध गराउने ।

ढ) तेश्रो पक्ष प्राविधिक परिक्षण गराउने ।

ण) झोलुङ्गे पुलको आकस्मिक मर्मत गर्ने गराउने ।

त) झोलुङ्गे पुलको गुणस्तर सुनिश्चित गर्ने गराउने ।

थ) झोलुङ्गे पुल निर्माण/मर्मत कार्य निर्धारित मापदण्ड अनुसार नभएमा सुधार गर्न लगाउने तथा सुधार नगरेमा वा हुन नसकेमा पुल भत्काउन लगाउने ।

द) लागत अनुमान, यथार्थ खर्च, श्रोत आदि सम्बन्धी जानकारी सार्वजनिक गर्ने गराउने ।

ध) **नमूना झोलुङ्गे पुल तालिम (Demonstration Model Bridge Training)** तथा **नियमित मर्मत सम्भार तालिम (Routine Maintenance Training)** संचालन गर्ने गराउने ।

न) गा.वि.स./नगरपालिकाहरु बीच झोलुङ्गे पुल स्वामित्व बारेको विवाद टुंगो लगाउने ।

प) झोलुङ्गे पुलको बार्षिक प्रतिवेदन **अनुसूची-ख** अनुसार तयार गरी स्था.पू.वि. तथा कृ.स.वि.लाई उपलब्ध गराउने ।

फ) केन्द्रीय तथा स्थानीय निकायहरु वाहेक अन्य संस्थाहरुले झोलङ्गे पुल निर्माण गर्न माग गरेमा नियमानुसार स्वीकृती प्रदान गर्ने ।

ब) झोलुङ्गे पुल सम्वन्धि निर्माण व्यवस्थापन सम्वन्धित विषयगत शाखा बाट गराउंने ।

भ) जिल्ला यातायात गुरु योजना **( District Transport Master Plan )** मा झो.पु. हरुलाई समावेश / अद्यावधिक गर्ने ।

### ८.२.२ गाउँ विकास समिति/नगरपालिका

क) स्थानीय पैदल मार्गका झोलुङ्गे पुलहरुको आवधिक तथा बार्षिक योजना तर्जुमा, समिक्षा एवं संशोधन गर्ने ।

ख) आयोजना प्राथिमिकीकरण गर्दा क्रमशः नियमित मर्मत, बृहत मर्मत एवं क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिने ।

ग) निर्माण सामाग्रीहरुको खरीद एवं आपूर्ति गर्ने ।

घ) निर्माण सामाग्रीहरु उपभोक्ता समितिलाई उपलब्ध गराउने ।

ङ) निर्माण सामाग्रीहरु खरीद एवं आपूर्तिमा समुदायलाई सहयोग पुऱ्याउने ।

च) निर्माण सामाग्री खरीदका दररेटहरु जि.वि.स.लाई उपलब्ध गराउने ।

छ) जनसहभागिता जुटाउंन योजना कार्यान्वयन (निर्माण कार्य) उपभोक्ता समिति मार्फत गराउन प्राथमिकता दिने ।

ज) गै.स.सं.तथा निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्ने ।

झ) उपभोक्ता समितिलाई प्राविधिक एवं आर्थिक सहयोग उपलब्ध गराउने ।

ञ) तेश्रो पक्ष प्राविधिक परिक्षण गराउने ।

ट) झोलुङ्गे पुलको गुणस्तर सुनिश्चित गर्ने ।

ठ) झोलुङ्गे पुल निर्माण/मर्मत कार्य निर्धारित मापदण्ड अनुसार नभएमा सुधार गर्न लगाउने तथा सुधार नगरेमा वा हुन नसकेमा पुल भत्काउन लगाउने ।

ड) लागत अनुमान, यथार्थ खर्च, श्रोत आदि सम्बन्धी जानकारी सार्वजनिक गर्ने गराउने ।

तालिका १: जिम्मेवारी तालिका

| क्रियाकलाप | राष्ट्रिय योजना आयोग | स्थानीय विकास मन्त्रालय | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग | जि.वि.स./विषयगत प्राविधिक शाखा | गा.वि.स./नगरपालिका |
|---|---|---|---|---|---|
| योजना तर्जुमा र नीति | ▪ आवधिक तथा बार्षिक योजना सम्बन्धी राष्ट्रिय दृष्टिकोणले निर्देशन दिने तथा एकरुपता कायम गर्ने गराउने ।<br>▪ कार्यक्रम अनुसारको बार्षिक बजेट व्यवस्था गर्ने ।<br>▪ अनुगमन/मूल्यांकन गर्ने । | ▪ रणनीति निर्माणगर्ने, पुनरावलोकन गर्ने एवं कार्यान्वयन गर्ने गराउने ।<br>▪ केन्द्रियस्तरका अन्य निकायहरुसंग समन्वय गर्ने ।<br>▪ स्थानीय निकायहरुलाई विषयगत अनुदान (Sector Grant) उपलब्ध गराउने । अनुगमन तथा मूल्यांकन गर्ने गराउने । | ▪ रणनीति कार्यान्वयन गर्ने गराउने ।<br>▪ निर्देशिका/मार्गदर्शन तयार गर्ने एवं कार्यान्वयन गराउने ।<br>▪ नर्म्स, स्टेन्डर्ड तथा स्पेसिफिकेशन तयार गर्ने, पुनरावलोकन गर्ने एवं कार्यान्वयन गर्ने गराउने ।<br>▪ अनुगमन/मूल्यांकन गर्ने ।<br>▪ केन्द्रीय स्तरमा झोलुङ्गे पुल कार्यक्रम समन्वय गर्ने । | ▪ आवधिक तथा बार्षिक योजना तर्जुमा, समिक्षा, एवं संशोधन गर्ने ।<br>▪ झोलुङ्गे पुल अनुदान रकम गा.वि.स./ नगरपालिकालाई विनियोजन गर्ने ।<br>▪ मर्मत कार्य एवं क्रमागत आयोजनालाई प्राथमिकता दिने ।<br>▪ जिल्लास्तरमा झोलुङ्गे पुल कार्यक्रम समन्वय गर्ने । | ▪ आवधिक तथा बार्षिक योजना तर्जुमा, समिक्षा, एवं संशोधन गर्ने ।<br>▪ मर्मत कार्य एवं क्रमागत आयोजनालाई प्राथमिकता दिने । |
| डिजाईन र लगत अनुमान | | | ▪ निर्धारित लम्बाई भन्दा लामो तरिका झोलुङ्गे पुलहरुको डिजाईन जाँच गरि सहमति प्रदान गर्ने । | ▪ डिजाईन तथा लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने एवं संशोधन गर्ने । | ▪ डिजाईन तथा लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने एवं संशोधन गर्ने । |
| खरीद तथा आपूर्ति | | | ▪ निर्माण सामाग्रीहरुका दररेट संकलन एवं प्रकाशित गर्ने तथा खरिद प्रकृया परिमार्जित गर्दै लैजाने । | ▪ निर्माण सामाग्रीहरुका दररेट स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागमा पठाउने ।<br>▪ निर्माण सामाग्रीहरुको खरीद एवं आपूर्ति गर्ने तथा उपभोक्ता समितिलाई उपलब्ध गराउने ।<br>▪ निर्माण सामाग्री खरीद एवं आपूर्तिमा समुदायलाई सहयोग पुऱ्याउने । | ▪ निर्माण सामाग्रिहरुका दररेट जि.वि.स.मा पठाउने ।<br>▪ निर्माण सामाग्रिहरुको खरीद एवं आपूर्ति गर्ने तथा उपभोक्ता समितिलाई उपलब्ध गराउने ।<br>▪ निर्माण सामाग्रि खरीद एवं आपूर्तिमा समुदायलाई सहयोग पुऱ्याउने । |

तालिका १: जिम्मेवारी तालिका

| क्रियाकलाप | राष्ट्रिय योजना आयोग | स्थानीय विकास मन्त्रालय | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग | जि.वि.स./विषयगत प्राविधिक शाखा | गा.वि.स./नगरपालिका |
|---|---|---|---|---|---|
| निर्माण/ मर्मत | | ● समयानुकुल नयाँ प्रविधिको विकास एवं अनुसन्धान गर्ने गराउने।<br>● आवश्यकता अनुसारको अनुगमन एवं मूल्यांकन गर्ने। | ▪ झोलुङ्गे पुल सम्बन्धी फेब्रिकेशन तथा लट्ठा निर्माण गर्न सक्षम फेब्रिकेटर तथा लट्ठा निर्माताहरुको सम्बन्धमा आवश्यक सूचना संकलन गरी स्थानीय निकायहरुलाई जानकारी गराउने।<br>▪ निर्माण तथा मर्मत कार्यको गुणस्तर सुनिश्चित गर्ने गराउने।<br>▪ अनुगमन तथा मूल्यांकन गर्ने।<br>▪ अनुसन्धान तथा प्रविधि विकास गर्ने गराउने।<br>▪ झोलुङ्गे पुल संहिता (Trail Bridge Code) बनाउने। | ▪ गै.स.स. तथा निजी क्षेत्रको सहभागिता सुनिश्चित गराउने।<br>▪ जिल्लास्तरमा जिल्ला झोलुङ्गे पुल रेकर्ड तयार गर्ने तथा सोको एक प्रति स्था.पू.वि.तथा कृ.स.विभागमा पठाउने।<br>▪ झोलुङ्गे पुलको आकस्मिक मर्मत गर्ने गराउने।<br>▪ उपभोक्ता समिति/निर्माण व्यवसायी मार्फत योजना कार्यान्वयन गराउने।<br>▪ तेश्रो पक्ष प्राविधिक परिक्षण गराउने।<br>▪ झोलुङ्गे पुल कार्य मापदण्ड अनुसार नभएमा सुधार गर्न लगाउने र सो नभएमा भत्काउन लगाउने। | ▪ जनसहभागिता परिचालन गराउने।<br>▪ गै.स.स. तथा निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्ने।<br>▪ उपभोक्ता समिति/निर्माण व्यवसायी मार्फत योजना कार्यान्वयन गराउने<br>▪ तेश्रो पक्ष प्राविधिक परिक्षण गराउने।<br>▪ झोलुङ्गे पुल कार्य मापदण्ड अनुसार नभएमा सुधार गर्न लगाउने र सो नभएमा भत्काउन लगाउने। |
| संगठनिक व्यवस्थापन | ▪ बैदेशिक सहयोग परिचालन गराउने। | ▪ दातृ संस्थाहरु बीच एक रुपता एवं समन्वय कायम गर्ने।<br>▪ यो रणनीति पालना गरेका जिल्लाहरुलाई बजेट विनियोजनमा बढी प्राथमिकता दिने। | ▪ क्षमता अभिवृद्धि तालिम संचालन गर्ने गराउने।<br>▪ नेपाल झोलुङ्गे पुल रेकर्ड अद्यावधिक गर्ने एवं प्रकाशित गर्ने।<br>▪ स्थानीय निकायहरुमा भएको प्राविधिक विवादको टुंगो लगाउंनका साथै दुई वा दुई भन्दा बढी जिल्लाहरुको बीच झोलुङ्गे पुल स्वामित्व बारेको विवाद समेत टुंगो लगाउने। | ▪ लगत अनुमान, यथार्थ खर्च, श्रोत आदी विवरण सार्वजनिक गराउने।<br>▪ झोलुङ्गे पुलको बार्षिक प्रतिवेदन तयार गरी स्था.पू.वि. तथा कृ.स. विभागमा पठाउने।<br>▪ गा.वि.स./नगरपालिका बीच झोलुङ्गे पुल स्वामित्व बारेको विवाद टुंगो लगाउने।<br>▪ नमूना झोलुङ्गे पुल तालिम तथा नियमित मर्मत तालिमहरु संचालन गर्ने। | ▪ लगत अनुमान, यथार्थ खर्च, श्रोत आदी विवरण सार्वजनिक गराउने।<br>▪ स्थानीय श्रोत परिचालन गराउने। |

## ९. कार्यान्वयन

यो रणनीति श्री ५ को सरकारले निर्णय गरेको मिति देखि लागु हुनेछ ।

## १०. पुनरावलोकन

यस रणनीतिलाई प्रभावकारी तथा समसामयिक बनाउन आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ ।

अनुसूची - क

# List of Technical Manuals and Hand Books

1. Short Span Trail Bridge Standard
   Technical Handbook for Suspended Type

   Volume - I, II & III (2003)

2. Short Span Trail Bridge Standard
   Technical Handbook for Suspension Type
   Volume - I, II & III (2003)
3. Long Span Trail Bridge Manual

| | | |
|---|---|---|
| Volume A | : | Design (2004) |
| Volume B | : | Survey (1983) |
| Volume C | : | Standard Drawings (2004) |
| Volume D | : | Construction (1990) |

4. Steel Truss Bridge Manual (2005)
5. Social Organizational Support Manual (2062)
6. Manual for Consulting Services (2004)
7. Manual for Contractors (2005)
8. Quality Control Manual (2005)
9. A Training Course Manual on Trail Bridges for Practitioner Engineers (2003)
10. A Training Course Manual on Trail Bridges for Practitioner Overseers (2003)
11. A Training Course Manual on Trail Bridges for Practitioner
    Sub-Overseers (2003)
12. A Course Manual on Trail Bridges for Bachelor of Civil Engineering (2003)
13. A Course Manual on Trail Bridges for Diploma in Civil Engineering (2003)
14. A Course Manual on Trail Bridges for Sub-Overseers (2003)
15. Rouitine Maintenance Manual (1999)
16. Demonstration Model Bridge Training Manual (2061)

नोटः अनुसूची-क मा सि.नं १ देखि ८ सम्म तथा १५ र १६ मा उल्लेखित १० वटा पुस्तिका वा दिग्दर्शनहरु स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागवाट स्वीकृत भई प्रकाशित गरिएका हुन भने सि.नं ९ देखि १४ सम्म उल्लेखित ६ वटा तालिम पाठ्यक्रम सम्वन्धि पुस्तिकाहरु त्रिभुवन विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पसबाट प्रकाशित भएका हुन । पुस्तिकाको कोष्ठमा उल्लेख भएको वर्ष ती पुस्तिकाको प्रकाशन भएको हो ।

अनुसूची - ख

जिल्ला विकास समिति,

---

# झोलुङ्गे पुल सम्बन्धी
# बार्षिक प्रतिवेदन

आ.ब. .........................

अनुसूची - ख/१

| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | : जिल्ला यातायात गुरुयोजना, आवधिक योजना, दातृ संस्थाको झोलुङ्गे पुल सम्बन्धी कार्यक्रम, सहयोग आदि बारे संक्षिप्त विवरण |
| २. | लक्ष एवं प्रगति | : आ.ब.को कार्यक्रम अनुसारको निर्माण/मर्मत सम्बन्धी लक्ष एवं प्रगति, श्रोत एवं साधनको परिचालन (जि.वि.स.का विकास तथा विषयगत अनुदान, गा.वि.स., उ.स., दातृ संस्था र अन्य) बारे छोटकरी विवरण । (अनुसूची-ख/२ को फाराम समेत भर्ने) |
| ३. | पुलको स्थलगत नक्सा | : जिल्लाको नक्सामा कुन-कुन पुल कहाँ अवस्थित छ सो दर्शाइएको अद्यावधिक नक्सा |
| ४. | पुलको अवस्थाको विवरण | : जिल्लामा रहेको विभिन्न पुलहरुको अवस्था/स्थिति बारे संक्षिप्त विवरण । (अनुसूची-ख/३) |
| ५. | जिल्ला पुल रजिष्टर | : जिल्लामा रहेका सबै झोलुङ्गे पुल सम्बन्धी विवरणहरु अद्यावधिक गर्ने तथा सो बारे छोटो परिचर्चा । (अनुसूची-ख/४) |
| ६. | पुलकर्मी | : जिल्लामा कति पुलकर्मीहरुले तालिम प्राप्त गरेका छन्, पुल कार्यमा सक्रिय छन् वा छैनन्, कति वर्षको अनुभव छ, सम्पर्क ठेगाना आदिको छोटो विवरण । (अनुसूची-ख/५) |
| ७. | क्षमता अभिबृद्धि | : पुल सम्बन्धी तालिममा कुन स्तरका कति जनाले कुन विषय-बस्तु सम्बन्धी कति समयका तालिम प्राप्त गरे आदि बारे छोटकरि विवरण साथै भविष्यमा तालिम दिनुपर्ने आवश्यक भए त्यसको विवरण |
| ८. | (अ.) गै.स.स. | : पुल निर्माण/बृहत्त मर्मत (अ.) गै.स.स.को संलग्नता भए सो सम्बन्धी विवरण । |

| जि.वि.स. प्राविधिक प्रमुख | जि.वि.स. सचिव | जि.वि.स. सभापति |
|---|---|---|
| हस्ताक्षरः ………………. | हस्ताक्षरः ………………. | हस्ताक्षरः ………………. |
| नामः ………………. | नामः ………………. | नामः ………………. |
| मितिः ………………. | मितिः ………………. | मितिः ………………. |
| कार्यालयको छाप | कार्यालयको छाप | कार्यालयको छाप |

*अनुसूची - ख/२*

# कार्य प्रगति

## जिल्ला विकास समिति

## बार्षिक प्रतिवेदन (आ.ब. ....................)

क. नयाँ निर्माण

| क.सं. | पुल | | लम्बाई (मी.) | हिड्ने बाटोको चौडाई (से.मी.) | कार्य स्थिति (सम्पन्न/ निर्माणाधिन) | अनुदान रु. | | | | | जम्मा खर्च (रु.) | प्रति मीटर लागत (रु.) | निर्माण अवधि (महिना) | कार्य सम्पन्न (मिति) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नम्बर | नाम | | | | जि.वि.स. | गा.वि.स. | उ.स. | दातृ संस्था | अन्य + | | | | |
| | | | | | | | | | | | | | | |
| ख. बृहत्त मर्मत | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

- अन्यको नाम खुलाउने ..........................................

*अनुसूची - ख/३*

# पुलको अवस्थाको विवरण

## जिल्ला विकास समिति

**बार्षिक प्रतिवेदन** (आ.ब. ....................)

| क.सं. | पुल | | नदीको नाम | लम्बाई (मी.) | हिड्ने बाटो स्टील/काठ | हिड्ने बाटोको चौडाई (से.मी.) | निर्माण सम्पन्न भएको वर्ष | पछिल्लो निरिक्षण भएको मिति | निरिक्षण गर्ने व्यक्तिको नाम | पुलको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नम्बर | नाम | | | | | | | | | |
| | | | | | | | | | | | |

*अनुसूची - ख/४*

# जिल्ला झोलुङ्गे पुल रेकर्ड (District Trail Bridge Record)

## जिल्ला विकास समिति

## बार्षिक प्रतिवेदन (आ.ब. ....................)

मितिः .......................................... (यो विवरण तयार पारिएको मिति)

| क.सं. | पुल | | नदीको नाम | लम्बाई (मी.) | हिड्ने बाटो स्टील/काठ | कोओडिनेटस् | | गा.वि.स. | | निर्माण सम्पन्न भएको वर्ष | स्थानीय/मुख्य मार्ग | निर्माण अवधि (महिना) | निर्माण गर्ने संस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नम्बर | नाम | | | | देशान्तर | आक्षांश | बाँया किनार | दायाँ किनार | | | | |
| | | | | | | | | | | | | | |

*अनुसूची - ख/५*

# पुल सम्बन्धी तालिम प्राप्त पुलकर्मीको सूची

## जिल्ला विकास समिति

**बार्षिक प्रतिवेदन** (आ.ब. ........................)

| क्र.सं. | तालिम प्राप्त पुलकर्मीको नाम | तालिम लिएको बर्ष | पुल निर्माण कार्यमा कार्यरत रहेको/नरहेको | अनुभव वर्ष | ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची - ग

**गैर सरकारी संस्थाको छनौट प्रकृया एवं कार्य**

क. **छनौट**

१. स्थानीय निकायहरुले गैरसरकारी संस्थाको छनौट गर्नेछन् ।

२. स्थानीय निकायहरुले सार्वजनिक सूचना जारी गरी गैरसरकारी संस्था/सामुदायिक संस्थाहरुबाट काम गर्ने इच्छाको प्रस्ताव आह्वान गर्नेछन् ।

३. स्थानीय निकायहरुले गैरसरकारी संस्थाको छनौट गर्न एक छनौट समिति गठन गर्नेछन् ।

४. गैर सरकारी संस्था छनौटका आधारहरुः-

- जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको छ/छैन
- समाज कल्याण परिषदको सदस्यता लिएको छ/छैन
- स्थानीय/जिल्लामा अवस्थित संस्था हो/होइन
- विधानमा सबैका लागि सदस्यता खुला गरिएको छ/छैन
- कार्यकारी समितिको निर्वाचन भएको छ/छैन
- पुल निर्माणको अनुभव छ/छैन
- समुदायसित काम गरेको अनुभव चित्तबुझ्दो छ/छैन
- स्थानीय जनताको दृष्टिमा सम्मान छ/छैन
- स्थानीय श्रोत परिचालन गर्ने प्रतिबद्धता चित्तबुझ्दो छ/छैन
- भौगोलिक कार्यक्षेत्र पूरै जिल्ला/ जिल्लाको केही भाग

५. गैरसरकारी संस्थाले प्रस्तावसंगै देहायका कागजातहरु पनि संलग्न गर्नुपर्नेछः ।

- दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- समाज कल्याण परिषदको सदस्यता सम्बन्धी कागजातको प्रतिलिपि ।
- संस्थाको विधानको प्रतिलिपि ।
- संस्थाको संस्थागत विवरण (Profile)को प्रतिलिपि ।
- विगत तीन वर्षभित्र भए गरेका गतिविधिहरुको प्रतिवेदनको प्रतिलिपि ।
- विगत तीन वर्षको लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि ।
- स्वयंसेवक र/वा कर्मचारीहरुको व्यक्तिगत विवरणको प्रतिलिपि ।
- कार्य सम्पादन/अनुभव सम्बन्धी प्रमाण-पत्रको प्रतिलिपि ।

६. छनौट समितिले माथि उल्लेखित शर्तहरुका आधारमा प्राप्त प्रस्तावहरुको छानवीन गर्नेछ ।

७. छनौट समितिले गैर सरकारी संस्थाका प्रतिनिधिसित छलफल गर्न सक्नेछ वा संस्थाको कार्यालय र संस्थाले गरेका विकास कार्यहरुको निरिक्षण गर्न सक्नेछ ।

८. छनौट समितिले छानिएको गैर सरकारी संस्थाको नाम स्वीकृतिका लागि सम्बन्धीत स्थानीय निकायमा पेश गर्नेछ ।

९. सम्बन्धीत स्थानीय निकायले गैर सरकारी संस्थालाई कामको जिम्मेवारी दिन स्वीकृति प्रदान गर्ने छ ।

११. स्थानीय निकाय र छानिएको गैर सरकारी संस्थावीच एक सहयोग सम्झौता हुनेछ । सम्झौताको नमूना अनुसूची-क को ५ मा उल्लेखित दिग्दर्शनमा दिइएको छ ।

## ख. कार्य

गैरसरकारी संस्थाका प्रमुख कार्यहरु देहाय बमोजिम हुनेछन् ।

- समुदायकॊ अग्रसरतालाई बढावा दिई सक्रिय सहभागिताका लागि उत्प्रेरित गर्नु ।
- सघन तथा प्रभावकारी रुपमा सामाजिक परिचालन/समन्वय कार्यमा सहयोग पुऱ्याउनु ।
- स्थानीय श्रोतहरुको परिचालनमा सहयोग पुऱ्याउनु ।
- स्थानीय निकायलाई झोलुङ्गे पुलको योजना तर्जुमा गर्न र प्राथमिकता निर्धारण गर्न सघाउनु ।
- पुलको मागको अनुगमन गर्नु ।
- समुदायलाई प्राविधिक तथा सामाजिक सहयोग पुऱ्याउनु ।
- सबै सम्बद्ध पक्षहरुसित सम्पर्क र समन्वय कायम गर्नु ।
- समुदायलाई झोलुङ्गे पुल निर्माणका क्रममा देखिएका बाधाहरु पन्छाउन सघाउनु ।
- प्रतिवेदन तयार गरी स्थानीय निकाय र सम्बद्ध पक्षहरुलाई बुझाउनु ।
- नियमित मर्मत संभार कार्य सुचार बनाउन सघाउनु ।